# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : २ प्रमाणिकरण : २०७५।०२।०४
प्रकाशन मिति : २०७५।०२।०९

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा ज्येष्ठ नागरिक परिचय – पत्र वितरण निर्देशिका, २०७५

ठाकुरबाबा ज्येष्ठ नागरिक परिचय - पत्र वितरण निर्देशिका, २०७५

**१) परिचय :**

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ठाकुरबाबा ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका २०७५, जारी गरिएको छ ।

**२) परिचय–पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय–पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका आधार हुनेछन् ।

**३) उद्देश्य :**

क) ठाकुरबाबा नगरपालिकाका सबै ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र उनीहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४) लक्षित वर्ग :**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु ।

**५) ज्येष्ठ नागरिकको वर्गीकरण :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,
ग) असहाय ज्येष्ठ नागरिक,
घ) अशक्त ज्येष्ठ नागरिक,
ङ) एकल ज्येष्ठ नागरिक ।

**६) परिचय– पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ ।

**७) ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय–पत्रको आकार (क्षशभ) नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ ।

**८) परिचय–पत्र वितरण प्रक्रिया**

क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले नगरपालिकाका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ । ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्ने अधिकारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन सम्बन्धित वडा कार्यालयको सिफारिश सहित नगरपालिकाको कार्यालयमा निवेदन पेस गर्नुपर्ने छ ।

**९) विविध :**

क) ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका लागि आवश्यक परेको खण्डमा नगरपालिकाले आफ्नो कार्यविधि आफै निधारण गर्नेछ ।

ख) ज्येष्ठ नागरिक परिचय–पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

ठाकुरबाबा ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५

अनुसूची १

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा

## ज्येष्ठ नागरिक परिचय–पत्र

फोटो

प.प. नं. :–

नाम थर :...............................................

ना.प.नं :................................

ठेगाना : जिल्ला...........................गा.पा./ न.पा...................................

वडा नं. :...........................टोल गाऊँ..............................

उमेर : .......................... लिङ्ग :.....................

उपलब्ध छुट तथा सुविधाहरु :.................................................

पति/पत्नीको नाम :..............................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :...............................................

सरक्षकको नाम, थर, सर्म्पक ठेगाना, मोवाइल नं. :..................................................

.........................................................................................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :.......................

.........................................................................................................

प्रमाणित गर्ने अधिकृतको :–

दस्तखत :

नाम,थर :

पद :

कार्यालय :

आज्ञाले

लोक बहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा ज्येष्ठ नागरिक परिचय - पत्र वितरण निर्देशिका, २०७५